# सम्पादकीय

नेपाली मिडियाबारेको वार्षिक जर्नल *मिडिया अध्ययन*को सातौँ अंक तपाईंको हातमा छ । वि.सं. २०६३ (सन् २००६) देखि प्रकाशन सुरु भएको यो जर्नलले मिडिया-समाज सम्बन्धका विविध आयामबारे खँदिला र विश्लेषणात्मक सामग्रीको अभावलाई पूर्ति गर्ने लक्ष्य लिएको छ । विशेषतः अनुसन्धान र अनुभवजनित सामग्रीले यसमा स्थान पाउँदै आएका छन् । यस जर्नलका सुरुका दुई अंक (१ र २) का मुद्रित प्रतिहरू सकिएकाले तिनमा प्रकाशित सबै सामग्री मार्टिन चौतारीको वेबसाइट http://martinchautari.org.np/index.php?option=com_content&view=article&id=204 मा उपलब्ध छन् । साथै, *मिडिया अध्ययन*मा प्रकाशित लेखहरूको लेखक सूची (author index) पनि सोही स्थानमा http://martinchautari.org.np/index.php?option=com_content&view=article&id=205 उपलब्ध छ ।

*मिडिया अध्ययन*को यो अंकमा समाविष्ट लेख तथा टिप्पणी चार तरिकाबाट उत्पादन गरिएको छ : (१) मार्टिन चौतारीले प्रदान गरेको मिडिया फेलोसिपअन्तर्गत लेखिएको एउटा लेख (तिमिल्सिना) र फेलोसिपअन्तर्गत नै स्नातकोत्तर तहको

शोधपत्रलाई जर्नल लेखमा रूपान्तरण गरिएका दुइटा लेख (जोशी र अर्याल), (२) चौतारीले 'कमिसन' गरेका पाँचओटा लेख (अधिकारी, के.सी., थापा, क्षेत्री, र भट्टराई), (३) मार्टिन चौतारी र लन्डनस्थित स्कूल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडीज (SOAS) बीचको संयुक्त अध्ययन परियोजनाअन्तर्गत तयार भएको एउटा लेख (राई), र (४) सम्पादन समूहको अनुरोधमा लेखिएका दुइटा टिप्पणी (ढुंगेल र पाण्डे) र दुइटा संस्मरण (गौचन र गौतम) तथा वार्तामा आधारित संस्मरण (वात्स्यायन) यस अंकमा समाविष्ट छन् । साथै, चारओटा पुस्तक समीक्षाले पनि जर्नलको यो अंकमा स्थान पाएका छन् ।

जर्नललाई थप पठनीय र उपयोगी बनाउन एवं सामग्रीमा विविधता र गहनता थप्न लेखक र पाठक वर्गबाट सहयोगको अपेक्षा गरेका छौँ । आगामी अंकमा पनि अनुसन्धानात्मक लेख, टिप्पणी, अनुभव उपलब्ध गराएर सहयोग गर्न मिडिया अनुसन्धाता र अभ्यासकर्तालाई अनुरोध गर्छौं ।

यो अंकको प्रकाशन क्रममा हामीलाई सहयोग गर्नुहुने मार्टिन चौतारीभित्र र बाहिरका सबैप्रति आभारी छौँ । मुख्य गरी यो अंकका लेखकहरूलाई हार्दिक धन्यवाद दिन्छौँ । प्रकाशनको विभिन्न चरणमा सहयोग पुऱ्याउने मार्टिन चौतारीका सहकर्मीहरू विमल आरोही (कपी एडिटिङ), किशोर प्रधान (साजसज्जा), तीर्थ विष्ट र रमेश राई (शुद्धाशुद्ध) लाई पनि धन्यवाद छ ।